## आर्थिक बर्ष २०८१।०८२ मा
## प्रदेश आयुर्वेद चिकित्सालय, पुतलीबजार,स्याङ्जाबाट
## सम्पन्न कार्यक्रमहरुको

# प्रगति समिक्षा प्रतिबेदन




फोन नं.063423272
ईमेल:dahcsyan@gmail.com
website:ahcsyangja.gandaki.gov.np

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय

## प्रदेश आयुर्वेद चिकित्सालय

पुतलीबजार स्याङ्जा

**बिषयसुची**


- **पृष्ठभूमि- स्याङ्जा जिल्लाको परिचय**
- **स्याङ्जा जिल्लामा आयुर्वेद संस्थाहरु**
- **कार्यालयको भौतिक पूर्वाधारहरु**
- **कार्यालयको दरबन्दि पदपूर्ति, कर्मचारी विवरण**
- **निजी आयुर्वेद संस्थाको विवरण**
- **बिरामी तथ्याङ्क विवरण**
- **सम्पादित प्रदेश सरकारबाट प्राप्त बार्षिक कार्यक्रमहरुको विवरण**
- **सम्पादित संघिय सरकारबाट प्राप्त बार्षिक कार्यक्रमहरुको विवरण**
- **बार्षिक  लक्ष्य / प्रगति विवरण**

*खण्ड १ कार्यालयको नामः*

# *प्रदेश आयुर्वेद चिकित्सालय,पुतलीबजार,स्याङ्‌जा*

*१.१ पृष्ठभूमि*

## १.१ स्याङ्‌जा जिल्लाको परिचय

नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्ने स्याङ्‌जा जिल्ला एक पहाडी जिल्ला हो । यस जिल्लामा

- पुतलीबजार ( १४ वडा सहित )
- भीरकोट (९ वडा सहित )
- वालिङ ( १४ वडा सहित )
- गल्याङ (११ वडा सहित )
- चापाकोट (१० वडा सहित )
- गरी **५ वटा नगरपालिका** रहेका छन
- भने फेदीखोला (५ वडा सहित )
- आँधीखोला (६ वडा सहित)
- हरिनास (७ वडा सहित),
- विरूवा (८ वडा सहित ),
- कालिगण्डकी (७ वडा सहित ) र
- अर्जुनचौपारी (६ वडा सहित) गरी जम्मा **६ वटा गाउँपालिका** रहेका छन् ।

**जम्मा ११ वटा स्थानिय तहहरु रहेका छन् ।**

यस्तै गरी २ वटा संघीय संसदका निर्वाचन क्षेत्र र ४ वटा प्रदेश सभाका निर्वाचन क्षेत्र रहेका छन् । यस जिल्लाको सदरमुकाम समुद्री सतहबाट ८५० मीटर उचाइमा रहेको स्याङ्‌जा बजार हो । यो जिल्ला समुद्र सतहबाट न्युनतम ३६६ मीटर (केलादी) देखि अधिकतम २,५१२ मीटर (पञ्चासेको लेक) सम्म उचाइमा रहेको छ । यस जिल्लाको पूर्वमा तनहुंले, पश्चिममा गुल्मीले, उत्तरमा पर्वत र कास्कीले र दक्षिणमा कालीगण्डकी नदीसंग पाल्पा जिल्लाले सिमाना छुट्याएको छ । स्याङ्‌जा जिल्लालाई सुनौली पोखरा जोड्ने सिद्धार्थ राजमार्गले करिब बीचबाट पूर्व र पश्चिम गरी विभाजन गरेको छ । मुग्लिङ नारायणगढ सडक निर्माण नहुंदै सुनौली—पाल्पा—स्याङ्‌जा—पोखरा—काठमाडौ सम्म पुग्ने नेपालको मुख्य लोकमार्गको रुटमा रहेको स्याङ्‌जा जिल्लामा हाल ७९ कि.मी. पक्की सिद्धार्थ लोकमार्ग भित्र यातायात संचालन हुंदै आएको छ । त्यसैले यातायातको दृष्टिकोणले स्याङ्‌जा सुगम पहाडी जिल्ला भित्र पर्दछ । हाल स्याङ्‌जा नेपालको सबै भन्दा ठूलो जल विद्युत परियोजना कालीगण्डकी ए (१४४ मेगावाट), सबैभन्दा ठूलो पहाडी सिंचाई योजना—चापाकोट टार सिंचाई योजना (१००० हेक्टर), नेपालको पहिलो नमुना ग्रामीण पर्यटन गाउॅ पञ्चमूलको सिरुबारी, नेपाल कै नमुना मानिने पाल्पा र स्याङ्‌जाको सिमानासंग जोड्ने कालीगण्डकी नदी माथि रहेको राम्दीको पुल र दूध, सुन्तला, अदुवा र कफी उत्पादन गर्ने जिल्लाको रुपमा आफ्नो पहिचान स्थापित गरिसकेको छ ।

## राष्ट्रिय जनगणना २०७८ अनुसार स्याङ्जामा

राष्ट्रिय जनगणना २०७८ अनुसार **नेपालको जनसंख्या कुल २,९१,६४,५७८** रहेको छ। बार्षिक जनसंख्या बृद्धिदर .९२ प्रतिशत रहेको छ। कुल महिला जनसंख्या १४९११०२७ जना र पुरुष जनसंख्या १४२५३५५१ जना रहेको छ।

- गण्डकी प्रदेशको जनसंख्याः २४६६४२७ महिला १२९५५९४ र पुरुष ११७०८३३ जना रहेको छ।
- **स्याङ्जा जिल्लाको जनसंख्या बिबरण**

**राष्ट्रिय जनगणना २०७८ अनुसार स्याङ्जा जिल्लाको जनसंख्या २५३०२४ रहेको छ जस मध्ये पुरुषको जनसंख्या ११६६७८(४६.११ प्रतिशत) र महिला संख्या १३६३४६(५३.८९ प्रतिशत) छ।**

स्थानिय तह अनुसार जनसंख्या २०७८

| सि.नं. | स्थानिय तहको नाम | स्याङ्जा जिल्लाको जनसंख्या | | |
|---|---|---|---|---|
| | | जम्मा जनसंख्या | पुरुष | महिला |
| १ | गल्याङ नगरपालिका | ३१०३४ | १४१५४ | १६८८० |
| २ | चापाकोट नगरपालिका | २२९६९ | १०४१६ | १२५५३ |
| ३ | पुतलीबजार नगरपालिका | ४१७४३ | १९२६६ | २२४७७ |
| ४ | भीरकोट नगरपालिका | २२६४५ | १०२६७ | १२३७८ |
| ५ | वालिङ नगरपालिका | ५०४८८ | २३४८२ | २७००६ |
| ६ | अर्जुनचौपारी गाउँपालिका | १४०४५ | ६४७२ | ७५७३ |
| ७ | आँधिखोला गाउँपालिका | १३०९४ | ५९५५ | ७१३९ |
| ८ | कालीगण्डकी गाउँपालिका | १७९५५ | ८१४४ | ९८११ |
| ९ | फेदीखोला गाउँपालिका | १०८९९ | ५०१२ | ५८८७ |
| १० | बिरुवा गाउँपालिका | १४००१ | ६५९१ | ७४१० |
| ११ | हरिनास गाउँपालिका | १३१९१ | ६०१८ | ७१७३ |
| | संस्थागत | ९६० | ९०१ | ५९ |
| | जम्मा | २५३०२४ | ११६६७८ | १३६३४६ |

### स्याङ्जा जिल्लाको नामाकरण

यस जिल्लाको नाम स्याङ्जा रहनूमा विभिन्न कथनहरू पाइएका छन। तिनीहरूमा निम्न कथनहरू प्रनुख छन :-

- अठारौ शताब्दी तिर आँधीखोला उर्लदै बढेर आए पछि ठेलिएछ। यसरी ठेलिएको देखेपछि मानिसहरूमा हाहाकार मच्चिन थाल्यो। एक जना सज्जन बृद्धाले भगवानलाई पूकार्दै खोलो "स्यांइय जा" भन्ने कामना गरेछन। बृढाको कामना सगै ठेलिएको खोलो "स्यांइय" खूलेर गए पछि "स्यांइय जा"को अपभ्रंस भएर स्याङ्जा हुन गएको हो भनाई रहेको छ।
- एकीकरण पुर्ब सेन बंशीय चौबीसे राज्य अन्तर्गत सतौ गह्रौ, नूवाकोट र भीरकोट राज्यमा बिभक्त भै "सेन जा" भन्दै कालान्तरमा स्याङ्जा नाम रहन गएको हो भन्ने भनाई पाइन्छ।
- यस जिल्लामा सिंजाली मगरहरूको ठूलो बस्ती भएकोले उनीहरूकै थरबाट अपभ्रंस भएर यस जिल्लाको नाम स्याङ्जा हून गएको हो भन्ने भनाई पनि छ।

यी कथनहरूको आधारमा हाल जिल्ला सदरमूकाम रहेको स्थानको नाम स्याङ्जा रहन गएको र तत्कालिन अवस्थामा यो ठाउँ जिल्लाको प्रमूख ब्यापारिक केन्द्र हूनूको साथै पर्वत बाग्लूङ, म्याग्दी मूस्ताङ र तनहूँ जिल्लाको प्रमूख ब्यापारिक नाकाको रूपमा पनि परिचित नाम भएकोले नै जिल्लाको नाम पनि स्याङ्जा नामाकरण गरिएको अनूमान गर्न सकिन्छ।

## स्याङ्जाको ऐतिहासिक परिचय

विभिन्न अभिलेख र जानिफकार व्यक्तिहरुको कथन समेतको आधारमा स्याङ्जा जिल्लालाई प्रागः ऐतिहासिक कालमा भृगु ऋषिको तपस्यास्थल (हालको चण्डीभञ्ज्याङ्गको भृगतुम), श्रवण कुमार र अन्धाअन्धीको किंवदन्तीसँग जोडिएको आँधीखोलाको उद्गमस्थल अन्धाअन्धी दह र स्वस्थानी ब्रतकथामा उल्लेख भएअनुसार सती देवीको शेष अंग पतन भएको छाङ्छाङ्दीको छाँया क्षेत्र आदिको भौगोलिक स्वरुपमा लिन सकिन्छ। प्राचीन कालमा हालको स्याङ्जा जिल्लाको भूबनोट दक्षिण र दक्षिण पश्चिमको पवित्र धार्मिक नदी कालीगण्डकी किनारका सेतीबेणी, रुरु क्षेत्र, केलादीघाट, राम्दीघाट, छायाँ क्षेत्र हुँदै उत्तर पञ्चासेधाम (बालाचतुर्दशीका दिन मेला लाग्ने स्थान) वरिपरिको धार्मिक पवित्रस्थल भनी शास्त्रहरुमा उल्लेख भएको पाइन्छ।

प्राकृतिक, सांस्कृतिक र मनोरम दृश्यहरुबाट सौन्दर्यित स्याङ्जा जिल्लाले, नेपाल एकीकरण पूर्व चौबिसे राज्य अन्तर्गत छ टुक्रे रजौटाहरु गह्रौं, भीरकोट, सतौ, नुवाकोट, ढोर र पैंयुले आफ्नो ऐतिहासिक पहिचान बोकेको छ। ढोर र पैंयुको धेरैजसो भूभाग क्रमशः तनहुँ र पर्वतमा विलय भएपछि बाँकी चार रजौटाबाट शासित भूभाग नै आधुनिक स्याङ्जा जिल्लाको पहिचान बनेर रहेको छ। यस जिल्लाको क्षेत्रफल ११६४ वर्ग किमी रहेको छ।

यस जिल्लालाई कोटै कोटको जिल्ला समेत भन्ने गरिन्छ। नुवाकोट, सतौंकोट, भिरकोट, गह्रौकोट, कालिकाकोट, बहाकोट, चन्द्रकोट, गिरकोट, कोल्माकोट, सिर्सेकोट, खैरीकोट ईत्यादी यहाँका प्रमूख कोटहरु हुन्। यस जिल्लामा नेपालको पहिलो नमूना पर्यटकीय गाउँ शिरुवारी , पुरूषोत्तम रामका पिता दशरथसँग जोडिएको अन्धाअन्धी दह र आँधीखोला, संसारकै ठुलो मानिएको शालिग्राम शिला, शाहवंशको शुरुवाती राज्य भिरकोट, कुलदेवी आलम देबी, स्वस्थानी ब्रत कथामा बर्णित सतिदेवीका बाँकी अंगहरु पतन भएको क्षेत्र छायाँक्षेत्र, ऐतिहासिक राजा रजौटाका दरवार तथा भग्नवशेष, हिउँ पर्ने पञ्चासेको लेक, भित्री मधेशलाई बिर्साउने अन्न भण्डार क्रमशः गण्डकबेशी, चापाकोट, कुवाकोट र रत्नपुर फाँट पर्दछन्।

यो जिल्ला सुन्तला, अदुवा, अलैंची तथा कफी जस्ता नगदेबालीका लागि प्रसिद्ध छ र यहाँ उत्पादित कृषिजन्य वस्तुहरु देश बिदेशमा समेत निर्यात हुने गरेको पाईन्छ। यस जिल्लालाई देशकै शिक्षित जिल्लाको रुपमा चिनिन्छ । यहाँका अधिकांश शिक्षित वासिन्दाहरु नेपाल सरकारको निजामति सेवा अन्तर्गतका उच्च ओहोदामा पुगी देश सेवामा जुटेका छन्।

**भौगोलिक परिचयः**

भूगोलमा यो जिल्ला पूर्वी देशान्तरः ८३°२७" देखि ८४° ४६" सम्म तथा उत्तरी अक्षांसः २७° ५२" देखि २८° १३" सम्म रहेको छ । पूर्व - पश्चिम लम्बाइ २२.५०८ देखि ५२.३५५ कि.मी. सम्म रहेको र पूर्व पश्चिम लम्बाइ औसतमा ३२ कि.मी. रहेको छ । उत्तर - दक्षिण चौडाई २.७७३ देखि ३७.८३९ कि.मी. सम्म र सरदर चौडाइ २० कि.मी. रहेको छ ।

## प्रमूख पर्यटकीय गन्तव्य

(क) भालुपहाड : जिल्लाको आन्तरिक तथा सिद्धार्थ राजमार्गमा यात्रा गर्ने पर्यटक बसेर फोटो खिच्ने तथा पहाडको दृश्यको मजा लिने ठाउँ हो भालु पहाड। यहाँ नेपाली चलचित्रका गित तथा म्युजिक भिडियोहरु यहाँ सुटिङ हुने गर्दछ।

(ख) छाङ्छाङ्दीको वातावरण : श्री स्वस्थानी ब्रतकथामा आधारित सतीदेवीको अङ्ग पतन भएको स्थल, छायाँ क्षेत्रको रूपमा समेत परिचित पवित्र तीर्थस्थल जिल्ला सदरमुकामबाट १८ किलो मीटर दक्षिण सिद्धार्थ राजमार्गमा नै पर्छ ।

(ग) पञ्चासेको लेक : समुद्र सतहबाट २५१२ मीटरको उचाइमा रहेको जिल्लाको अग्लो स्थान र बालाचतुर्दशीको दिन मेला लाग्ने स्थान सदरमुकामबाट ३० किलो मीटर उत्तर पश्चिममा पर्छ । यो गण्डकी प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य हो ।

(घ) अन्धाअन्धी दह : राजा दशरथले मृगको आवाज सम्झी बाण हान्दा बाणले श्रवणकुमारलाई लागि श्रवणकुमारको मृत्यु भएको र राजा दशरथ पानी लिएर जाँदा श्रवणकुमारका बाबु आमाले सबै कुरा थाहा पाएर राजा दशरथलाई तिम्रो पनि छोराको बिछोडको पीरले मृत्यु होस् भनि श्राप दिई दुवै जना त्यहीं रुँदारुँदै मरेका हुँदा उनीहरूको आँसुबाट दहको उत्पत्ति भएकाले त्यस दहको नाम अन्धाअन्धी दह रहन गएको किम्वदन्ती रहेको छ। यसै दहलाई स्याङ्जाको प्रसिद्ध नदी आँधीखोलाको मुहान मानिन्छ।

(ङ) श्रवणकुमार समाधि क्षेत्र : स्याङ्जा जिल्लाको बाङ्गसिङ्गको घ्याङ्गसिरीमा श्रवणकुमार समाधि क्षेत्र रहेको र यस क्षेत्रमा त्रेता युगमा अन्धा बाबुआमालाई बोकी घुम्न आउने क्रममा श्रवण कुमारले चिलाउनेवास अन्तर्गतको अन्धाअन्धी क्षेत्रमा बाबुआमालाई राखी तिर्खाएका बाबुआमाको

प्यास मेटाउन पानी खोज्दै जाँदा श्रवणकुमार स्याङ्जा जिल्लाको बाङ्गसिङ्गको घ्याङ्गसिरी भन्ने ठाउँमा पुगी पानी फेला पारी पानी भर्न गाग्रो डुवाउँदा निस्किएको आवाजलाई दशरथले मृगको आवाज सम्झी बाण हान्दा बाणले श्रवणकुमारलाई लागि श्रवणकुमारको मृत्यु भएको हो भन्ने भनाई छ।

(च) स्वरेक मैदानः भीरकोट नगरपालिका ५ मा अवस्थित स्वरेक मैदान दाई सहासिक पर्यटकीय गन्तव्यको रुपमा रहेको प्याराग्लाईडिङ राष्ट्रिय तथा अन्तराष्ट्रिय विल समेत सम्पन्न भएकाले अन्तराष्ट्रिय स्तरमा समेत यो ठाउँको पहिचान रहेको छ।

## प्रमूख धार्मिक स्थलहरू

(क) स्याङ्जा नुवाकोट – नुवाकोट स्याङ्जा जिल्लाको उच्च मध्य पहाडी भूभागमा हो। समुन्द्र सतहबाट १९०० मिटरको उचाइमा रहेको यो ठाउँ स्याङ्जा जिल्लाको पुरानो सदरमुकाम पनि हो। चौबीसे राज्यमध्येको एक शक्तिशाली राज्य नुवाकोट प्राकृतिक सुन्दरताले भरिपूर्ण छ। माछापुछ्रे, अन्नपूर्ण, धौलागिरी, मनास्लु जस्ता हिमालको सुन्दर अवलोकन गर्न पाइने, हरियाली वातावरणले घेरिएको यो ठाउँ स्याङ्जा जिल्लाको एक महत्वपूर्ण धार्मिक पर्यटकीय स्थल पनि हो।

(ख) राधा दामोदर आश्रम – जिल्लाको साँखरमा पर्ने प्रसिद्ध तीर्थस्थल सदरमुकामबाट ५७ किलो मीटर दक्षिण पूर्वमा पर्छ। यहाँबाट पाल्पाको रामपुर लगायत देशका विभिन्न भागहरुको दृश्यावलोकन गर्न सकिन्छ।

(ग) चण्डीकालीका – यो मन्दिर पुतलीबजारको सतौंमा पर्दछ। यहाँ स्याङ्जाबाट करीब डेढ घण्टा पैदल हिंडेर या गाडीमा पनि जान सकिन्छ। यहाँ विभिन्न तिथिहरुमा श्रद्धालु भक्तजनहरुको घुइँचो लाग्ने गर्दछ। यहाँबाट स्याङ्जा लगायत विभिन्न ठाउँहरु र मनोरम हिमाली दृष्यहरु पनि देख्न सकिन्छ।


(घ) राम्दीघाट – स्याङ्जा पाल्पा सीमानामा रहेको कालीगण्डकी पुलमा राम्दीघाट पर्दछ। प्रसिद्ध धार्मिकस्थल राम्दीघाट सदरमुकामबाट ५२ किलोमिटर दक्षिणमा पर्छ।

(ङ) आलमदेवी – शाहवंशका कुलदेवीका रूपमा रहेकी आलम देवी देशकै महत्वपूर्ण धार्मिकस्थल सदरमुकामबाट दक्षिण पश्चिममा पर्छ। यस जिल्लाको पर्यटन स्थललाई हेर्र्दा ग्रामीण पर्यटनको दृष्टिकोणले नमूना गाउँको रूपमा रहेको पञ्चमूल सिरुवारी, कोल्मा वाहचौर, नुवाकोट डाञडा र चित्रे भञ्ज्याङ्गमा रहेको गह्रौकोटलाई साँस्कृतिक तथा पर्यटकीय स्थलको रूपमा लिइन्छ। आलमदेवी नेपाली राजाहरुको कल पूजा गर्ने स्थल पनि हो।

(च) बुढाकोट – स्याङ्जा जिल्लाको सबैभन्दा अग्लो पहाड बुढाकोट हो। गुरुङ बस्ती रहेको यस पहाडको टुप्पोबाट स्याङ्जाको अधिकांश ठाउँ, पाल्पा र पोखरा हेर्न सकिन्छ। पहाडको टुप्पोमा एक मन्दिर छ, जहाँ दशैंमा विशेष भीड हुन्छ।

(छ) कैलाश गुफा – यो गुफा वहाकोटमा पर्दछ। किम्बदन्ती अनुसार पौराणिक कालमा भगवान महादेव यसै गुफामा आएर बसेको पाइन्छ। यस गुफामा जाने २ वटा प्रवेश मार्गहरु छन्। यस गुफाभित्र आर्कषक देवी देवता र गाईको मुख लगायत गुफाभित्र छयाङ छयाङ गर्ने पोखरी पनि छ।

## चित्र नं.१.१ जिल्लामा आयुर्वेद संस्थाहरु



## प्रदेश आयुर्वेद चिकित्सालय पुतलीबजार स्याङ्जाः १

## आयुर्वेद औषधालयहरु : ७

- आरुचौर आयुर्वेद औषधालय, अर्जुनचौपारी गा.पा.५
- अर्जुनचौपारी आयुर्वेद औषधालय,अर्जुनचौपारी गा.पा.१
- खिलुङदेउराली आयुर्वेद औषधालय, भिरकोट न.पा.७
- खहरेधनुबासे आयुर्वेद औषधालय, वालिङ न.पा.१
- कुवाकोटआयुर्वेद औषधालय, चापाकोट न.पा.१०
- रत्नपुर आयुर्वेद औषधालय, चापाकोट न.पा.८
- साँखर आयुर्वेद औषधालय, चापाकोट न.पा.७

## नागरिक आरोग्य सेवा केन्द्रहरु : ४

- नागरिक आरोग्य सेवा केन्द्र, आँधिखोला गा..पा.-२
- नागरिक आरोग्य सेवा केन्द्र, बिरुवा गा.पा.-१
- नागरिक आरोग्य सेवा केन्द्र, कालिगण्डकी गा.पा.-४
- नागरिक आरोग्य सेवा केन्द्र, हरिनास गा.पा.-६

कुल जम्मा १२ वटा

**प्रदेश आयुर्वेद चिकित्सालय पुतलीबजार स्याङ्जाको विवरण**

परिचय

विक्रम सम्बत २०५४ सालमा स्थापना भई हाल पुतलीबजार नगरपालिका वडा नं. ३ स्थित यस आयुर्वेद केन्द्रले जिल्ला भरि निःशुल्क स्वास्थ्य प्रवर्धनात्मक र रोग प्रतिकारात्मक सेवा अन्तर्गत आयुर्वेद एवं योग शिक्षा, जडिबुटी परिचयात्मक शिक्षा, जीवनशैली परिवर्तन कार्यक्रम, जेष्ठ नागरिक एवं स्तनपायी आमा सेवा कार्यक्रमका साथमा दैनिक निःशुल्क स्वास्थ्य परिक्षण, आयुर्वेद औषधि वितरण, निःशुल्क ल्याव सेवा र पूर्वकर्म सेवा प्रदान गर्दै आएको छ।

| क्र.स. | कार्यालयको नाम | ठेगाना | | | | स्थापना मिति |
|---|---|---|---|---|---|---|
| | | जिल्ला | पालिका | वडा नं. | टोल | |
| १ | प्रदेश आयुर्वेद चिकित्सालय पुतलीबजार स्याङ्जा | स्याङ्जा | पुतली बजार नगरपालिका | ३ | हस्पिटल चोक | २०५४ |

## कार्यालय भवनको भौतिक पूर्वाधारको अवस्था

-कार्यालयको १ वटा २ तले पक्की भवन रहेको छ।

-२ वटा टिनले छाएको कच्ची भवन रहेको छ।

जग्गाको अवस्था

२ रोपनी जग्गा भएको कार्यालयको नाउमा लाल पूर्जा नभएको।

## कार्यालयले प्रदान गर्ने सेवाहरु:

- जनरल (OPD) सेवा
- औषधि वितरण
- छारसुत्र पूर्वकर्म:
- अग्निकर्म
- जलौका
- पूर्वकर्म
  स्नेहन, स्वेदन ( एकाङ्ग, सर्वाङ्ग)
  शिरोधारा, नष्य
  वस्ती (कटि वस्ती, जानुवस्ती, ग्रीवा वस्ती)
  मात्रा वस्ती
  नेत्र तर्पण
- मर्म चिकित्सा सेवा
- कपिङ्ग थेरापी सेवा
- फिजियोथेरापी सेवा
- स्तनपायी सेवा
- ज्येष्ठ नागरिक सेवा
- थेराप्यूटिक योग
- ल्याव सेवा

**परामर्श सेवा—स्वास्थ्य सम्बर्दनका लागि उचित सल्लाहरु एवं रोगबाट बच्ने उपायहरुद्वारा समाजमा स्वास्थ्य सम्बन्धी जनचेना जगाउने**

## आयुर्वेद औषधालयहरुको विवरण

| क्र.स. | औषधालयको नाम | ठेगाना | | | | स्थापना मिति |
|---|---|---|---|---|---|---|
| | | जिल्ला | पालिका | वडा नं. | टोल | |
| १ | खहरेधनुबाँसे आयुर्वेद औषधालय | स्याङ्जा | वालिङ नगरपालिका | १ | त्रिरासी | २०४२ |
| २ | खिलुङदेउराली आयुर्वेद औषधालय | स्याङ्जा | भिरकोट नगरपालिका | ७ | गेजवास | २०५९ |
| ३ | अर्जुनचौपारी आयुर्वेद औषधालय, | स्याङ्जा | अर्जुनचौपारीगाँउपालिका | १ | अर्जुनचौपारी बजार | २०३८ |
| ४ | आरुचौरआयुर्वेद औषधालय | स्याङ्जा | अर्जुनचौपारीगाँउपालिका | ५ | तालपोखरी | २०२० |
| ५ | कुवाकोटआयुर्वेद औषधालय | स्याङ्जा | चापाकोट नगरपालिका | १० | बेलटारी | २०७२।०३।०९ |
| ६ | रत्नपुर आयुर्वेद औषधालय | स्याङ्जा | चापाकोट नगरपालिका | ८ | क्वामी | २०४० |
| ७ | साँखरआयुर्वेदऔषधालय | स्याङ्जा | चापाकोट नगरपालिका | ७ | केलादीघाट | २०५७ |
| जम्मा आयुर्वेद औषधालयको संख्या ७ वटा | | | | | | |

नागरिक आरोग्य सेवा केन्द्रहरु जम्मा ४ वटा

| क्र.स. | विवरण | जिल्ला | पालिका | स्थान | | स्थापना मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | वडानं. | टोल | | |
| १ | नागरिक आरोग्य सेवा केन्द्र, आँधिखोला | स्याङ्जा | आँधिखोला गाँउपालिका | २ | चिलाउने वास | २०७७।१२।१० | |
| २ | नागरिक आरोग्य सेवा केन्द्र, विरुवा | स्याङ्जा | विरुवा गाँउपालिका | १ | विरुवा वजार | २०७७।१२।१२ | |
| ३ | नागरिक आरोग्य सेवा केन्द्र, कालीगण्डकी | स्याङ्जा | कालीगण्डकी गाँउपालिका | ४ | बिर्घा | २०७७।१२।१६ | |
| ४ | नागरिक आरोग्य सेवा केन्द्र, हरिनास | स्याङ्जा | हरिनास गाँउपालिका | ६ | दग्दी, क्याक्मी | २०७८।१२।१० | |

आयुर्वेद संस्था नभएको पालिका संख्या -
१ फेदीखोला गाँउपालिका २ गल्याङ नगरपालिका

## कार्यालयको भौतिक पूर्वाधार

| क्र.स | कार्यालयको नाम | स्थापना मिति | जग्गाको क्षेत्रफल | भवनको विवरण (कच्ची/पक्की, आफ्नै/भाडाको ) | कम्पाउन्ड वाल्ड(छ, छैन) | स्टाफ क्वाटर (छ,छैन/प्रयाप्त,अप्रयाप्त) | खानेपानी को व्यवस्था (छ/छैन) | सवारी साधन (छ,छैन/प्रयाप्त ,अप्रयाप्त) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | 2054।03।27 | 2-0-0-0 | पक्की आफ्नै | छ | छैन | छ | मोटरवाइक १ थान | भवन अपर्याप्त/ गाडीको व्यवस्था हुनु पर्ने |
| २ | खहरेधनुबाँसे आयुर्वेद औषधालय | 2042 | 1-7-2-1 | पक्की आफ्नै | छैन | छैन | छ | छैन | |
| ३ | रत्नपुर आयुर्वेद औषधालय | 2040 | 4-0-0-0 | पक्की आफ्नै | छ | छैन | छ | छैन | |
| ४ | कुवाकोट आयुर्वेद औषधालय | 2072।03।09 | १०-0-0-0 | पक्की आफ्नै | छैन | छैन | छ | छैन | |
| ५ | साँखर आयुर्वेद औषधालय | 2057 | 6-0-1-1 | पक्की आफ्नै | छ | छैन | छ | छैन | |
| ६ | खिलुङदेउराली आयुर्वेद औषधालय | 2059 | 3-4-0-0 | पक्की आफ्नै | छ | छैन | छ | छैन | |
| ७ | अर्जुनचौपारी आयुर्वेद औषधालय | 2038 | छैन | भाडामा | छैन | छैन | छ | छैन | |
| ८ | आरुचौर आयुर्वेद औषधालय | 2020 | 3-13-2-2 | पक्की आफ्नै | छ | छैन | छ | छैन | |

## कार्यालयको दरबन्दि पदपूर्ति, कर्मचारी विवरण

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | स्वीकृत दरवन्दी | पदपुर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आयुर्वेद चिकित्सक | ८ तह | स्वास्थ्य | आयुर्वेद | १ | १ | - | |
| २ | आयुर्वेद सहायक (कविराज) | ५/६/७ तह | स्वास्थ्य | आयुर्वेद | १ | १ | - | |
| ३ | बैद्य | ४/५/६ तह | स्वास्थ्य | आयुर्वेद | २ | २ | - | |
| ४ | लेखापाल | ५/६ तह | प्रशासन | लेखा | १ | - | १ | |
| ५ | कार्यालय सहयोगी/औषधी कुटुवा | श्रेणी विहिन | प्रशासन | प्रशासन | २ | २ | - | १ जना करार |
| | जम्मा | | | | ७ | ६ | १ | |

## करार कर्मचारी विवरण

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | पदपुर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ल्याब टेक्निसियन | ५ तह | ल्याब | प्रयोगशाला | १ | - | |
| २ | बैद्य | ४ तह | स्वास्थ्य | आयुर्वेद | १ | - | |
| ३ | अभ्याङ्कर्ता | श्रेणीविहिन | प्रशासन | प्रशासन | २ | - | |
| जम्मा | | | | | ४ | | |
| नागरिक आरोग्य सेवा केन्द्रका करार कर्मचारी विवरण | | | | | | | |
| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | पदपुर्ती | रिक्त | कैफियत |
| १ | कविराज | ५ तह | स्वास्थ्य | आयुर्वेद | २ | - | |
| २ | बैद्य | ४ तह | स्वास्थ्य | आयुर्वेद | २ | - | |
| जम्मा | | | | | ४ | | |

# कार्यालयमा कार्यरत आयुर्वेद जनशक्तिको विवरण

## १ प्रदेश आयुर्वेद चिकित्सालय पुतलीबजार नगरपालिका ३ कुमालगाँउ स्याङ्जा

| सि.नं. | कर्मचारीको नाम | पद/तह | मोबाइल नं | इमेल | कैफियत |
|---|---|---|---|---|---|
| १ | डा. राम प्रबोध मण्डल | आयुर्वेद चिकित्सक/अधिकृत आठौ | 9841898593 /9856053272 | rammandal406@gmail.com | स्थायी |
| २ | देवेन्द्र आचार्य | वरिष्ठ कविराज निरिक्षक/अधिकृत सातौ | 9846269616 | acharyadevendra30@gmail.com | स्थायी |
| ३ | शेर बहादुर गुरुङ | बैद्य निरिक्षक/अधिकृत छैठौ | 9846096035 | sherbadur.gurung@gmail.com | स्थायी |
| ४ | राजु प्रसाद पौडेल | बैद्य निरिक्षक/अधिकृत छैठौ | 9856051273 | prajuprasad2033@gmail.com | स्थायी |
| ५ | विष्णु कुमार मण्डल | ल्याव टेक्निसियन/सहायक पाचौ | 147713236 | mandalbishnu423b@gmail.com | करार |
| ६ | स्वस्ती थापा | बैद्य /सहायक चौथो | 9860133440 | | करार |
| ७ | पवित्रा ढकाल | कार्यालय सहयोगी/श्रेणी विहिन | 9846086373 | | स्थायी |
| ८ | तिल कुमारी कुमाल | कार्यालय सहयोगी/श्रेणी विहिन | 9816130043 | | करार |
| ९ | हरिकृष्ण मरासिनी | अभ्यङ्गकर्ता/श्रेणी विहिन | 9863938504 | sushilmarasini711@gmail.com | करार |
| १० | कुल माया थापा | अभ्याङ्ग कर्ता/श्रेणी विहिन | 9748217881 | | करार |
| | जम्मा | | | | |

**दरबन्दी विवरण, आयुर्वेद औषधालयहरु ७ वटा**

| पद | स्वीकृत दरवन्दी संख्या | पदपूर्ति | कार्यरत | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार-दरवन्दी | रिक्त | |
| आयुर्वेद सहायक (कविराज) | ७ | ७ | ४ | ३ | 0 | |
| बैद्य | ७ | ७ | ७ | 0 | 0 | |
| कार्यालय सहयोगी/औषधी कुटुवा | १४ | १३ | २ | ११ | १ | |
| **जम्मा** | २८ | २७ | १३ | १४ | १ | |

**(ख)आयुर्वेद औषधालय तर्फका कर्मचारीहरुको विवरण**

**१ आरुचौर आयुर्वेद औषधालयमा कार्यरत आयुर्वेद जनशक्तिको विवरण**

| सि.नं. | कर्मचारीको नाम | पद/तह | मोबाइल नं | इमेल | कैफियत |
|---|---|---|---|---|---|
| १. | इन्दल महतो | कविराज | ९८४४३१३६६८ | indalmahato925@gmail.com | स्थायी |
| २. | पुनिता कुमारी महतो | वैद्य | ९८६४०४७४३५१ | mpunita231@gmail.com | स्थायी |
| ३. | नेत्र प्रसाद पौडेल | कार्यालय सहयोगी | ९८४६१४८४०८ | poudelnatra@gmail.com | स्थायी |
| ४. | गुरुदत्त पौडेल | कार्यालय सहयोगी | ९८६५६७६३६७ | poudelgurudatt8@gmail.com | करार |

**२ अर्जुनचौपारी आयुर्वेद औषधालयमा कार्यरत आयुर्वेद जनशक्तिको विवरण**

| **सि.नं.** | **कर्मचारीको नाम** | **पद/तह** | **मोबाइल नं** | **इमेल** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | ललित बहादुर थापा मगर | वैद्य निरिक्षक/अधिकृत छैठौ | 9856050795 | thapalalit2074@gmail.com | |
| २ | शिव प्रसाद अर्या-ल | कविराज/सहायक पाचौ | 9846144682 | shivaprasadaryal12@gmail.com | |
| ३ | देवि थापा | का.स. | 9846465364 | | |
| ४ | कृष्ण कुमारी दमै | औषधी कुटुवा | 9764503437 | | |

**३ खिलुङ्देउराली आयुर्वेद औषधालयमा कार्यरत आयुर्वेद जनशक्तिको विवरण**

| सि.नं. | कर्मचारीको नाम | पद/तह | मोबाइल नं | इमेल | कैफियत |
|---|---|---|---|---|---|
| १ | अरुण रेग्मी | कविराज निरिक्षक/अधिकृत छैठौ | ९८४६०९६९२९ | **arun.mercyocean@gmail.com** | स्थायी |
| २ | खेम राज देवकोटा | बैद्य निरिक्षक/अधिकृत छैठो | | | स्थायी |
| ३ | बसन्ती खवास | का स | | | करार |

### ४ खहरेधनुबाँसे आयुर्वेद औषधालयमा कार्यरत आयुर्वेद जनशक्तिको विवरण

| सि.नं. | कर्मचारीको नाम | पद/तह | मोबाइल नं | इमेल | कैफियत |
|---|---|---|---|---|---|
| १. | हरि अर्याल | कबिराज निरिक्षक/अधिकृत छैठौ | 9856030891 | panaceaaywaling@gmail.com | स्थायी |
| २. | नागेन्द्र प्रसाद यादव | बैद्य निरिक्षक/अधिकृत छैठौ | 9846082529 | | स्थायी |
| ३. | कृष्ण प्रसाद ढुङ्गाना | कार्यालय सहयोगी/श्रेणी विहिन | 9846124189 | | स्थायी |
| ४. | शान्ति काफ्ले | कार्यालय सहयोगी/श्रेणी विहिन | 9864886558 | | करार |

### ५ कुवाकोट आयुर्वेद औषधालयमा कार्यरत आयुर्वेद जनशक्तिको विवरण

| सि.नं. | कर्मचारीको नाम | पद/तह | मोबाइल नं | इमेल | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुर्गा कुमारी भट्ट | कविराज | ९७४९४०३४२९ | bhattadurga624@gmail.com | करार |
| २ | कुमारी नन्दा बोहरा | बैध | ९८४८७०७४६२ | nandamauni2222@gmail.com | स्थायी |
| ३ | सन्त बहादुर श्रेष्ठ | का.स | ९८५६०५५५१८ | | करार |
| ४ | देवका रेग्मी | का.स | ९८६७८२४५९५ | regmidabaka@gmail.com | करार |

**६ रत्नपुर आयुर्वेद औषधालयमा कार्यरत आयुर्वेद जनशक्तिको विवरण**

| सि.नं. | कर्मचारीको नाम | पद/तह | मोबाइल नं | इमेल | कैफियत |
|---|---|---|---|---|---|
| १ | पुष्पा ज्ञवाली | कविराज | | | करार |
| २ | कृष्ण प्रसाद ढुवादी | बैध निरिक्षक | ९८६३८९५५२६ | | स्थायी |
| ३ | अमृता घिमिरे | का.स | ९८१८७२८३०२ | | करार |
| ४ | सपना श्रेष्ठ | का.स | ९८४६६५४७७६ | | करार |

**७ साँखर आयुर्वेद औषधालयमा कार्यरत आयुर्वेद जनशक्तिको विवरण**

| सि.नं. | कर्मचारीको नाम | पद/तह | मोबाइल नं | इमेल | कैफियत |
|---|---|---|---|---|---|
| १ | गोविन्द प्रसाद गैह्रे | व.क.नि | 9856050374 | radheharigovindagovinda@gmail.com | स्थायी |
| २ | जनुका  भण्डारी गैह्रे | वरिष्ठ वैद्य | 9856052374 | | स्थायी |
| ३ | भेषराज खनाल | का. स | 9846566106 | | |
| ४ | प्रमिला थापा मल्ल | का. स | 9862416930 | | |

**नागरिक आरोग्य सेवा केन्द्रका करार कर्मचारीहरुको  विवरण**

**नाम ठेगानाः नागरिक आरोग्य सेवा केन्द्र बिरुवा**/ विरुवा गाँउपालिका १ बिरुवा बजार स्याङ्जा

| क्र.स. | कर्मचारीको नाम थर | पद | मोवाइल नंम्बर | इमेल | कैफियत |
|---|---|---|---|---|---|
| १ | लिलामणी कंडेल | कविराज | ९८४६७१०७१९ | lilamani925@gmail.com | करार |
| २ | तारा कार्की | कार्यालय सहयोगी | ९७४९७२४४३३ | | करार |

**नाम ठेगानाः नागरिक आरोग्य सेवा केन्द्र आँधिखोला/ आँधिखोला** गाँउपालिका २ चिलाउनेबास स्याङ्जा

| क्र.स. | कर्मचारीको नाम थर | पद | मोवाइल नंम्बर | इमेल | कैफियत |
|---|---|---|---|---|---|
| १ | ज्योती मल्ल | कविराज | ९८४४८४९२३१ | jyotimalla107@gmail.com | करार |
| २ | अम्विका अधिकारि | कार्यलय सहयोगी | ९८४४९०३५५६ | | करार |

**नाम ठेगानाः नागरिक आरोग्य सेवा केन्द्र** कालिगण्डकी कालिगण्डकी गाँउपालिका ४  बिर्घा स्याङ्जा

| क्र.स. | कर्मचारीको नाम थर | पद | मोवाइल नंम्बर | इमेल | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुना पुन | वैध | ९८६७९३७६१७ | punsuna6@gmail.com | करार |
| २ | मथुरा पाठक | कार्यलय सहयोगि | ९७४२९०५७७० | | करार |

**नाम ठेगानाः नागरिक आरोग्य सेवा केन्द्र हरिनास** /हरिनास गाँउपालिका  ६ हरिनास स्याङ्जा

| क्र.स. | कर्मचारीको नाम थर | पद | मोवाइल नंम्बर | इमेल | कैफियत |
|---|---|---|---|---|---|
| १ | उपेन्द्र बोहोरा | बैद्य | ९८४१३०३१८० | upendrabohara26@gmail.com | करार |
| २ | ऐलिना मानन्धर | कार्यालय सहयोगी | | | करार |

## प्रदेश अन्तर्गतका आयुर्वेद संस्था प्रमुखहरुको विवरण

| सि.नं. | कार्यालयको नाम | कार्यालय प्रमुखको नाम | पद/तह | मोबाइल नं. | कार्यालय रहेको स्थानिय तहको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश आयुर्वेद चिकित्सालय पुतलीबजार नगरपालिका ३ कुमालगाँउ स्याङ्जा | डा. राम प्रबोध मण्डल | आयुर्वेद चिकित्सक/अधिकृत आठौ | 9856053272 | पुतलीबजार नगरपालिका | |
| | अर्जुनचौपारी आयुर्वेद औषधालय अर्जुनचौपारी गाँउपालिका १ स्याङ्जा | ललित बहादुर थापा मगर | वैद्य निरिक्षक/अधिकृत छैठौ | 9856050795 | अर्जुनचौपारी गाँउपालिका १ | |
| २ | आरुचौर आयुर्वेद औषधालय अर्जुनचौपारी गाँउपालिका ५ तालपोखरी आरुचौर स्याङ्जा | इन्दल महतो | कविराज | ९८४४३१३६६८ | अर्जुनचौपारी गाँउपालिका ५ | |
| ४ | खिलुङदेउराली आयुर्वेद औषधालय भिरकोट नगरपालिका ७ गेजवास स्याङ्जा | अरुण रेग्मी | कविराज निरिक्षक/अधिकृत छैठौ | ९८४६०९६९२९ | भिरकोट नगरपालिका | |
| ५ | खहरेधनुबाँसे आयुर्वेद औषधालय वालिङ नगरपालिका १ त्रिरासी वालिङ स्याङ्जा | हरि अर्याल | कबिराज निरिक्षक/अधिकृत छैठौ | 9856030891 | वालिङ नगरपालिका | |
| ६ | कुवाकोट आयुर्वेद औषधालय चापाकोट | कुमारी नन्दा बोहरा | बैध/सहायक चौथो | ९८४८७०७४६२ | चापाकोट नगरपालिका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नगरपालिका १० स्याङ्जा | | | | | |
| ७ | रत्नपुर आयुर्वेद औषधालय चापाकोट नगरपालिका ८ क्वामी स्याङ्जा | कृष्ण प्रसाद ढुवादी | बैध निरिक्षक/अधिकृत छैठौ | ९८६३८९५५२६ | चापाकोट नगरपालिका | |
| ८ | साँखर आयुर्वेद औषधलाय चापाकोट नगरपालिका ७ स्याङ्जा | गोविन्द प्रसाद गैहे | व.क.नि/अधिकृत सातौ | 9856050374 | चापाकोट नगरपालिका | |
| | जम्मा | | | | | |

## प्रदेश भित्रका नागरिक आरोग्य सेवा केन्द्रहरुमा कार्यरत जनशक्तिहरुको विवरण


| सि.नं. | नागरिक आरोग्य सेवा केन्द्रको नाम/ स्थानिय तह | कार्यरत जनशक्तिहरु को नाम | पद | मासिक पारिश्रमिक | मोबाइल नं. | इमेल | जनशक्ति पारिश्रमिक कुल खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नागरिक आरोग्य सेवा केन्द्र बिरुवा/ विरुवा गाँउपालिका १ बिरुवा बजार स्याङ्जा | लिलामणी कंडेल | कविराज | ३००००।- | ९८४६७१०७१९ | lilamani925@gmail.com | | |
| २ | | | कार्यलय सहयोगी | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | नागरिक आरोग्य सेवा केन्द्र आँधिखोला/ आँधिखोला गाँउपालिका २ चिलाउनेबास स्याङ्जा | ज्योती मल्ल | कविराज | ३००००।- | ९८४४८४९२३१ | jyotimalla107@gmail.com | | |
| ४ | " | अम्विका अधिकारी | कार्यलय सहयोगी | | ९८४४९०३५५६ | | | |
| ५ | नागरिक आरोग्य सेवा केन्द्र कालिगण्डकी कालिगण्डकी गाँउपालिका ४ बिर्घा स्याङ्जा | सुना पुन | वैध | ३००००।- | ९८६७९३७६१७ | punsuna6@gmail.com | | |
| ६ | " | मथुरा पाठक | कार्यलय सहयोगि | | ९७४२९०५७७० | | | |
| ७ | नागरिक आरोग्य सेवा केन्द्र हरिनास /हरिनास गाँउपालिका ६ हरिनास स्याङ्जा | उपेन्द्र बोहोरा | बैद्य | ३००००।- | ९८४१३०३१८० | upendrabohara26@gmail.com | | |
| ८ | " | ऐलिना मानन्धर | कार्यालय सहयोगी | | ९८४६७१०७१९ | lilamani925@gmail.com | | |


## रामी तथ्याङ्क विवरण

**स्याङ्जा जिल्लाको बिरामी तथ्यांक (Bar Diagram मा समेत देखाउने) आ.ब.२०८१।०८२**


| सिनं., | विवरण | जना |
|---|---|---|
| १ | जिल्लाका OPD विरामी | २६६६० |
| २ | स्तनपायीका जम्मा बिरामी | ७२३ |
| ३ | जेष्ठ नागरिक सेवाका जम्मा बिरामी | ४९३५ |
| ४ | पूर्वकर्म र पञ्चकर्म सेवाका जम्मा बिरामी | ६७९२ |
| ५ | थेरापेटिक योग सेवा जम्मा बिरामी | २७२३ |
| ६ | नागरिक आरोग्य सेवा कार्यक्रम | ११७७७ |
| ८ | शल्य कार्यक्रमका जम्मा बिरामी | २२० |
| ९ | प्रयोगशाला सेवा जम्मा विरामी | ९८१ |
| | कुल बिरामी | ५४८११ |



## कार्यक्रम अनुसार  सेवा ग्राही संख्या





## जिल्लाको कूल जनसंख्या मध्ये  आयुर्वेद सेवा प्राप्त गर्ने जनसंख्या




## गत ३ बर्षको विरामी तथ्याङ्क

| SN | particulars | 2079/080 | 2080/081 | 2081/082 |
|---|---|---|---|---|
| 1 | Province Ayurveda Hospital | 5015 | 3879 | 5302 |
| 2 | Ayurveda Aaushadhalya 7 | 24415 | 23219 | 21358 |
| | Total | 29430 | 27098 | 26660 |
| 3 | Panchakarma/Purbakarma Service | 3233 | 5445 | 6792 |
| 4 | Therapetic yoga | 689 | 2236 | 2723 |
| 5 | Jesthanagrik Service | 3027 | 4412 | 4935 |
| 6 | Stanpayi Aama Sewa karyakram | 735 | 465 | 723 |
| 7 | Nagrik Arogya Sewa | 7161 | 8763 | 11777 |
| 8 | Lab sewa | 710 | 617 | 981 |
| 9 | Salya | 0 | 95 | 220 |
| | Total | 44985 | 49131 | 54811 |





| | 2079/080 | 2080/081 | 2081/082 |
|---|---|---|---|
| patients of DAHC | 5015 | 3879 | 5302 |
| patients of oushadhalaya | 24415 | 23219 | 21358 |
| total patients | 29430 | 27098 | 26660 |


## आयुर्वेद संस्थाबाट सेवा लिनेको महिला, पुरुष संख्या बार्षिक




---



# मुख्य १० रोगहरु (Top 10 Diseases)



# आ.ब. २०८१।०८२ मा सम्पादित बार्षिक कार्यक्रमहरुको विवरण

**क) गण्डकी प्रदेशबाट प्राप्त बार्षिक कार्यक्रम र स्वीकृत बजेट रु २४९००००।- र बिशेष अनुदान कार्यक्रम बजेट रु १०००००। अन्तरगत सम्पादन गरेका कार्यक्रमको बिबरण**

| सम्पादित कार्यको नाम | कार्य सम्पन्न विवरण |
|---|---|
| नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम | मिति २०८१।०८।२० र २१ गते नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरि सम्पन्न गरिएको |
| भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम | मिति २०८१।०९।१८ र १९ भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम बिरुवा गाँउपालिका विरुवाम स्याङ्जा सञ्चालन गरी सम्पन्न गरियो। |
| भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम | मिति २०८१।१०।२२र २३ भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम खहरेधनुबाँसे आयुर्वेद औषधालय वालिङ १ स्याङ्जा सञ्चालन गरी सम्पन्न गरियो। |
| भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम | मिति २०८२साल बैशाख ११ र १२ गते भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम आँधिखोला गाँउपालिका स्याङ्जा सञ्चालन गरी सम्पन्न गरियो। |
| भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम | मिति २०८१।१०।१८ र १९ गते भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम कुवाकोट स्याङ्जा सञ्चालन गरी सम्पन्न गरियो। |
| भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम | मिति २०८२।०३।१७ र १८ गते भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम कालिगण्डकी गाँउपालिका स्याङ्जा सञ्चालन गरी सम्पन्न गरियो। |
| राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती २०८१ | मिति २०८१।०७।१४ गते स्वस्थ जीवनशैलीमा सात्विक आहार,नागरिक आरोग्यताको मजबुत आधार भन्ने नाराका साथ आ.ब. २०८१।०८२ को राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती २०८१ कार्यक्रम सम्पन्न गरियो। |

| | |
|---|---|
| राष्ट्रिय योग दिवस | आयोजनामा मिति २०८१।१०।०१ गतेका दिन त्रिभुवन आदर्शमा.वि. स्याङ्जाका हलमा स्वस्थ समाज समृद्ध नेपाल र विश्व शान्तिका लागि योग भन्ने नाराका साथ आ.ब. २०८१।०८२ को राष्ट्रिय योग दिवस मनाउने कार्य सम्पन्न गरियो |
| स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी/औषधि प्रवर्द्धन कार्यक्रम | मिति २०८२।०१।२३ स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी/औषधि प्रवर्द्धन कार्यक्रम बिरुवा गाँउपालिका वडा नं. १ स्याङ्जा सञ्चालन गरी सम्पन्न गरियो। |
| अन्तर्राष्ट्रिय योग दिवस | 'मिति २०८२ साल असार ७ गते ' सिंगो पृथ्वी,समग्र स्वास्थ्यका लागि योग "<br>Yoga for One Earth, One Health. ११ औ अन्तर्राष्ट्रिय योग दिवस मनाइयो। |

**चालु बार्षिक विकास कार्यक्रम खर्च रकम रु.१९५५०००।- वित्तिय प्रगति ७८.५२ प्रतिशत र भौतिक प्रगति ९० प्रतिशत**
**विशेष अनुदान खर्च रकमर रु.७५०००।- वित्तिय प्रगति ७५ प्रतिशत र भौतिक प्रगति १०० प्रतिशत**

**ख) संघीय सरकारबाट प्राप्त शर्सत तर्फ बार्षिक कार्यक्रम सख्या र बजेट रु. -३०५७०००।-अन्तरगत सम्पादन गरेका कार्यक्रमको बिबरण/**

**प्रयोगशालाका ल्याबटेक्निसियन तथा पंचकर्मका अभ्याङ्कर्ता र**
**नागरिक आरोग्य सेवा केन्द्र ४ वटामा कार्यरत कर्मचारीहरुलाई तलब वितरण गरिएको**
**खर्च रकम रु.२९०२०००।- वित्तिय प्रगति ९४.९३ प्रतिशत भौतिक प्रगति १०० प्रतिशत**

## जिल्लागत रुपमा भौतिक पूर्वाधारहरुको अवस्था

| क्र.सं. | आयुर्वेद संस्थाको नाम जिल्ला स्तरीय संस्था र ) ( औषधालय | जिल्ला | भवनको अवस्था | जग्गाको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश आयुर्वेद चिकित्सालय | पुतलीबजार नगरपालिका स्याङ्जा | पक्की भवन १ २ तलको र २ वटा कच्ची भवन | २ रोपनी जग्गा कार्यालयको नाँउमा लालपूर्जा नभएको | |
| २ | खहरेधनुबाँसे आयुर्वेद औषधालय | वालिङ नगरपालिका | पक्की आफ्नै भवन बन्दै गरेको | 1-7-2-1 | |
| ३ | रत्नपुर आयुर्वेद औषधालय | चापाकोट नगरपालिका | पक्की आफ्नै | 4-0-0-0 | |
| ४ | कुवाकोट आयुर्वेद औषधालय | चापाकोट नगरपालिका | पक्की आफ्नै | 1-0-0-0 | |
| ५ | साँखर आयुर्वेद औषधालय | चापाकोट नगरपालिका | पक्की आफ्नै | 6-0-1-1 | |
| ६ | खिलुङदेउराली आयुर्वेद औषधालय | भिरकोट नगरपालिका | पक्की आफ्नै | 3-4-0-0 | |
| ७ | अर्जुनचौपारी आयुर्वेद औषधालय | अर्जुनचौपारी गाँउपालिका | भाडामा | छैन | |
| ८ | आरुचौर आयुर्वेद औषधालय | अर्जुनचौपारी गाँउपालिका | पक्की आफ्नै भवन बन्दै गरेको | 3-13-2-2 | |

## जिल्ला स्तरीय आयुर्वेद संस्था तथा औषधालयहरुको MSS Score

| Assessment | 2080/81 score | 2081/82 score |
|---|---|---|
| Internal Assessment | | |
| External Assessment | 59 | 38.32 |

**निजि आयुर्वेद तथा वैकल्पिक संस्थाको विवरण**

| क्र.सं . | संस्थाको नाम ठेगाना / | बेड संख्या | प्रणाली | कैफियत |
|---|---|---|---|---|
| १ | श्री स्वर्गद्वारी पोलिक्लिनिकवालिङ / नगरपालिका ८ जैसिपँधेरा | | | |
| | | | | |

| अनुमति प्राप्त मिति | स्थापना भएको स्थान | नविकरण भएको र नभएको |
|---|---|---|
| २०७२।०४।२७ | वालिङ नगर पालिका ८ जैसीपँधेरा वालिङ स्याङ्जा | भएको |

**रचनात्मक सुझावहरु:**

**सवै आयुर्वेद संस्थाहरुलाई Uniform model मा सञ्चालन गर्ने गरी भौतिक पूर्वाधार तयार गर्ने (Hospital Pharmacy extented Service Harbal Garden Quater etc. )**

**समग्रमा आयुर्वेद सेवा कार्यक्रम संचालन सम्वन्धमा**

| क्र.सं. | कार्यक्रमको नाम | सकारात्मक पक्ष | संचालन का कठीनाइहरु | समाधानका प्रयासहरु | सुझावसुधार / गर्नुपर्ने पक्षहरु |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहहरूको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार, तथ्यांक विश्लेषण, बार्षिक समिक्षा | आयुर्वेद सेवा कार्यक्रम सञ्चालनले गर्दा जनमानसमा आयुर्वेद चिकित्सा सेवा प्रति व्यापकता आएको ।आयुर्वेदको उपचारात्मक एवं विशेष गरि स्वास्थ्य प्रबर्धनात्मक सेवा लिन उत्सुक भएको | आधारभूत भौतिक पूर्वधारको कमीले गर्दा आयुर्वेद सेवा कार्यक्रमहरु व्यवस्थित रुपमा सञ्चालन गर्न नसकिएको । जस्तै - योग हल आदि । | प्रदेश र स्थानिय तह विच समन्वय र सहकार्य गर्ने खालका कार्यक्रमहरु संख्या बढाउनु पर्ने | भौतिक पूर्वाधारको विस्तार गर्नु पर्ने |
| २ | भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम सञ्चालन | | | | दरबन्दी बढाउने |
| ३ | नागरिक आरोग्य सेवा केन्द्र तथा औषधालयहरुका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम | | | | |
| ४ | स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटीऔषधि प्रवर्द्धन / कार्यक्रम | | | | |

**नवप्रवर्तनिय (Innovative) कार्य**

- **क्षारसुत्र**
- **अग्निकर्म**
- **मर्म चिकित्सा**
- **फिजियोथेरापी**
- **सुचिभेद**
- **बिरुवा वितरण**
- **उद्यान व्यवस्थापन**

## बेरुजूको विवरण

- बेरुजु नरहेको

**संघीय नीतिगत निर्णय, कार्यविधि, मापदण्ड, निर्देशिका, म्यानुअल, प्रोटोकल आदिको कार्यान्वयनको अवस्था**

- **प्रदेश खर्चको मापदण्ड २०७९**
- **-आर्थिक बर्ष २०८१।०८२मा प्रदेशबाट संचालन गरिने कार्यक्रम स्वास्थ्य तर्फको सशर्त अनुदान अन्तरगतका कृयाकलापहरु संचालन सम्बन्धि मार्गदर्शन**
- **-आ.ब.२०८१।०८२ मा आयुर्वेद स्वास्थ्य केन्द्रहरुबाट संचालन हुने स्वीकृत कार्यक्रमहरुको सञ्चालन मापदण्ड २०८१**

## नागरिक आरोग्य समिति गठन सम्बन्धि विवरण

| सि.नं. | जिल्ला | पालिका वडा / | समिति गठन भएको नभएको/ | समिति गठन भएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्याङ्जा | पुतलीबजार नगरपालिका वडा नं३. | भएको | २०७८।११।०६ | |
| २ | स्याङ्जा | चापाकोट नगरपालिका वडा नं७ वडा ८ . वडा १० | भएको | २०७८।११।०६ | |
| ३ | स्याङ्जा | अर्जुनचौपारी गाँउपालिका वडा नं१ र ५. | भएको | २०७८।११।१२ | |
| ४ | स्याङ्जा | भिरकोट नगरपालिका ७ | भएको | २०७८।११।३० | |
| ५ | स्याङ्जा | वालिङ नगरपालिका १ | भएको | २०७८।११।१२ | |
| ६ | स्याङ्जा | बिरुवा गाँउपालिका १ | भएको | २०७८।११।१२ | |
| ७ | स्याङ्जा | कालिगण्डकी गाँउपालिका ४ | भएको | २०७८।११।०३ | |
| ८ | स्याङ्जा | आँधिखोला गाँउपालिका २ | भएको | २०७८।१२।०६ | |
| ९ | स्याङ्जा | हरिनास गाँउपालिका ६ | भएको | २०७९।०९।१३ | |

## नागरिक आरोग्य समुह गठन

| **सि.नं.** | **जिल्ला** | **पालिका वडा /** | **समुह गठन भएको नभएको/** | **समुह गठन भएको मिति** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | स्याङ्जा | हरिनास गाँउपालिका ६ | भएको | २०७९।०९।१३ | |
| २ | स्याङ्जा | चापाकोट नगरपालिका वडा नं७ . वडा ८ वडा १० | भएको | | |
| ३ | स्याङ्जा | अर्जुनचौपारी गाँउपालिका वडा नं १. | भएको | | |
| ४ | स्याङ्जा | भिरकोट नगरपालिका ७ | भएको | | |
| ५ | स्याङ्जा | वालिङ नगरपालिका १ | भएको | | |
| | | | | | |

## बार्षिक लक्ष्य अनुसार सम्पादन हुन नसकेका कार्यक्रमहरु

### क) कार्यालयलाई प्रदेशबाट प्राप्त सम्पादन हुन नसकेका कार्यक्रमहरुको बिबरण

| क्र स | कार्यक्रम शिर्षक | सम्पादन हुन नसकेका कार्यक्रमहरुको बिबरण | गरिएका प्रयासहरु | सम्पादन हुन नसकेका कारणहरु | कैफियत |
|---|---|---|---|---|---|
| | | नभएको | | | |

### ख) कार्यालयलाई संघीय सरकारबाट प्राप्त सम्पादन हुन नसकेका कार्यक्रमहरुको बिबरण


| क्र स | कार्यक्रम शिर्षक | सम्पादन हुन नसकेका कार्यक्रमहरुको बिबरण | गरिएका प्रयासहरु | सम्पादन हुन नसकेका कारणहरु | कैफियत |
|---|---|---|---|---|---|
| | | नभएको | | | |

**आ.ब. २०८१।०८२ को समग्र तेस्रो चौमासिक सम्मको भौतिक तथा वितिय प्रगति विवरण**

| सि.नं. | प्रगति | प्रतिशत |
|---|---|---|
| १ | समग्र भौतिक प्रगति | ९२.५९ |
| २ | समग्र वित्तीय प्रगति | ७९..६२ |
| ३ | कूल बजेट रु हजारमा . | **१४५९१** |
| ४ | जम्मा खर्च रकम रुहजारमा. | **११६१८** |

## समग्र कार्यक्रमहरुको भौतिक तथा वित्तिय प्रगति

| **कुल वजेट (हजारमा.रु)** | **कुल खर्च** | **वित्तिय प्रगति** | **भौतिक प्रगति** |
|---|---|---|---|
| 6647 | 5864 | 88.23 | 92.59 |


Annual Health Review
समग्रमा कार्यक्रमहरु भौतिक तथा वित्तिय प्रगति
93
92
91
90
89
88
87
86
भौतिक प्रगति, 92.59
वित्तिय प्रगति, 88.23
वित्तिय प्रगति
भौतिक प्रगति
Province Ayurved Hospital, Putalibazar, Syangja

# आर्थिक विवरण

## आर्थिक बर्ष २०८१/०८२ का कार्यक्रम अनुसार

| सि.न. | विवरण | बिनियोजन | खर्च रकम | निकाषा | खर्च प्रतिशतमा | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| | प्रदेश सरकारबाट जिल्लामा प्राप्त बजेट | | | | | |
| १ | आयुर्वेद केन्द्रहरु (३५५०८००१४) पुँजीगत | 1000 | 932 | 932 | 93.23 | 100% |
| २ | आयुर्वेद केन्द्रहरु (३५५०८००१३) चालु विकास कार्यक्रम | 2490 | 1955 | 1955 | 78.52 | 90% |
| | जम्मा चालु पूँजीगत जम्मा+ | 3490 | 2887 | 2887 | 82.73 | |
| ३ | आयुर्वेद केन्द्रहरु (३५५०८००१३) चालु उपभोग तलब | 7944 | 5754 | 5754 | 72.43 | |
| ४ | विशेष अनुदान | 100 | 75 | 75 | 75 | 100% |
| | प्रदेश सरकारबाट जिल्लामा प्राप्त जम्मा बजेट | 11534 | 8716 | 8716 | 75.57 | |
| ५ | संघिय सशर्त बाट जिल्लामा प्राप्त बजेट जम्मा | 3057 | 2902 | 2902 | 94.93 | 100% |
| | कार्यक्रमसंघ शसर्त ) (३५५९११३३३)(अनुदान | | | | | |
| | कुल जम्मा बजेट | **14591** | **11618** | **11618** | **79.62** | **92.59** |

## आयुर्बेद स्वास्थ्य संस्थाका राम्रा पक्षहरु

- रोगलाई फेरी कहिल्यै उत्पन्न हुन नदिने किसिमका चिकित्सा जस्तै अग्निकर्म, क्षारकर्म, पञ्चकर्म,योग आदि सेवा विस्तार गर्न सकिने।
- योग, ध्यान, सदवृत्त/सदाचार पालनबाट स्वस्थ व्यक्ति स्वस्थ समाज र आदर्श विचारहरुको विकास हुने ।
- स्वास्थ्य रक्षात्मक प्रवर्धनात्मक र उपचारात्मक उपायको अवलम्बन एकै संस्थाबाट हुनु
- आयुर्वेद सेवा कार्यक्रम सञ्चालनले गर्दा जनमानसमा आयुर्वेद चिकित्सा सेवा प्रति व्यापकता आएको ।

### कार्यक्रम प्रभावकारी बनाउन चालिएका कदमहरु

- कार्यालयमा फिजियोथेरापी सेवा शुरु गरिएको ।
- क्षारसुत्र सेवा दिएको ।
- आयुर्वेद तथा जीवनशैली व्यवस्थापन एवं घरेलु तथा भान्सामा पाइने जडिबुटीको अधिकाधिक प्रयोगको बारेमा समुदायमा सचेतना दिएको।
- कोराना महामारीको समय देखि रोगीको व्याधिक्षमत्व बल बढाउनको निम्ति निरन्तर रुपमा सेवा ग्राहीलाई अमृत चिया वितरण गरेको।
- कार्यालय परिसर भित्र रहेका विभिन्न वनस्पतिहरुको नामवली तयार गरी सोही ठाँउमा राखिएको ।
- आयुर्वेद सेवा सम्बन्धि ध्यान दिनु पर्ने कुराहरुको  जानकारी सेवाग्राहीले देख्ने गरी राखिएको ।

### कार्यक्रम संचालनका समस्या तथा चुनौतीहरु

- जिल्ला तहबाट प्रदान गरिने न्युनतम सेवाका लागि अति आवश्यक विभिन्न स्रोत साधन तथा भौतिक संरचना जस्तै व्यवस्थित योगहल,पंचकर्म हल, औषधि भण्डार, क्षारसुत्र कक्ष औषधि निर्माणशाला,आवासको अभाव भएको
- जनशक्तिको अपर्याप्ता
- कार्यक्रम, अनुगमन, सुपरिवेक्षण ढुवानीका लागि चार पांङ्ग्रे सवारी साधनको अभाव  भएको

**समस्या समाधानका लागि गरिएका प्रयासहरु**

- **तालुक निकायहरु सँग समयमै पत्राचार तथा सम्पर्क समन्वय गर्ने गरेको।**

## आ. व. २०८१/८२ मा हासिल गरेका मुख्य उपलब्धीहरुको विवरण

- **कार्यालयमा भएको उपकरण, औजारहरुको प्रयोगमा ल्याइ सदुपयोग गरिएको ।**
- **सरकारी गैर सरकारी संस्थाहरु संग सुमधुर सम्बन्ध स्थापना ।**
- **गुणस्तरीय पञ्चकर्म व्यवस्थापन ।**
- **क्षारसुत्र उपचार ।**
- **तथ्याङ्क र क्षारसुत्रमा सहयोग गर्ने जनशक्ति ।**
- **फिजियो,अग्निकर्म र मर्म चिकित्सा संचालन ।**

## आ. व. २०८१/८२ मा हासिल गरेका अन्य लक्ष्य नतोकिएका नविनतम क्रियाकलापहरु

- **क्षारसुत्र**
- **अग्निकर्म**
- **मर्म चिकित्सा**
- **फिजियोथेरापी**
- **सुचिभेद**
- **बिरुवा वितरण**
- **उद्यान व्यवस्थापन**

**बिबिध**

**कार्यालयका प्रमुख उपलब्धीहरु**

**कार्यालयका नियमित बैठक निर्णय**

- **कार्यालयको नियमिति बैठक तथा निर्णयहरु गरिएको ।**

**अन्य सम्पादित कार्यक्रमहरु(बार्षिक स्बीकृत कार्यक्रम र बजेट बाहेक )**

- **नभएको**

## केही तश्वीरहरु........

कार्यालय भवन पक्की




कार्यालय भवन कच्ची



पञ्चकर्म सेवामा सेवा ग्राहीहरु



प्रयोगशालामा सेवा ग्राहीहरु




कटी बस्ती



शिरोधारा



स्नेहन श्वेदन/पूर्वकर्म




सर्वाङ्ग श्वेदन



क्षारसुत्र



क्षारसुत्र चिकत्सा



अग्निकर्म चिकित्सा



जलनेति क्रिया



पोटली श्वेदन



Traction therapy



Tens Therapy



Cupping Therapy



जालौका चिकित्सा



जालौका चिकित्सा



Arthrocentesis/**aspiration**









धन्वन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवस

भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम-वालिङ








भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम -आँधिखोला



भान्सा सुधार आरोग्यको आधार अभियान र स्वस्थ जीवनशैली कार्यक्रम - कालिगण्डकी



राष्ट्रिय योग दिवस-2081




११ औ अन्तर्राष्ट्रिय योग दिवस असार ७ -२०८२



स्थानिय तहहरुको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार तथ्याङ्क विश्लेषण बार्षिक समिक्षा



